राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक ८७ २०८२ कात्तिक ८ गते शनिबार (25 Oct. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

विज्ञापनको
लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## एकीकृत समाजवादीको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न

# निर्वाचनको तयारीमा जुट्न आव्हान

दैनिक समाचाचारदाता

जनकपुरधाम, ७ कात्तिक । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) धनुषाले दशैं, दीपावली तथा छठ पर्वको अवसरमा शुभकामना आदान( प्रदान कार्यक्रम सम्पन्न गरेको छ । शुक्रबार जनकपुरधाममा आयोजित कार्यक्रममा सयौं नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।




धनुषा जिल्ला अध्यक्ष राजकुमार यादवको अध्यक्षतामा सम्पन्न भएको शुभकामना आदान प्रदान कार्यक्रमका प्रमुख अतिथि पार्टीका केन्द्रीय सचिवालय सदस्य रामचन्द्र झाले प्रमुख अतिथिको रुपमा सहभागी भई देशको राजनीतिक परिस्थिति र आसन्न निर्वाचनको तयारीबारे आफ्ना धारणा राख्नुभयो ।

उहाँले आउँदो फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि पार्टीका सबै तहका कार्यकर्तालाई तयार रहन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "हाम्रो पार्टी सदैव जनताको हित र अधिकारका पक्षमा उभिएको छ । नेपाली जनताले अहिले परिवर्तन र स्थायित्वको चाहना गरेका छन्, त्यसैले हामी निर्वाचनबाट पछि हट्ने पक्षमा छैनौं । पार्टीका सबै कार्यकर्ताले निर्वाचनलाई अभियानको रूपमा लिएर तयारीमा जुट्नुपर्छ ।"

हाल देश विभिन्न संकट र अनिश्चिततामा फसेको उल्लेख गर्दै त्यसबाट निस्कनका लागि राष्ट्रिय एकता र सहकार्यको आवश्यकता रहेको बताउनुभयो । "मुलुकमाथि आएको संकटको घडीमा जनता नै हाम्रो शक्ति हुन् । जनताकै चाहना र अपेक्षा अनुसार हाम्रो पार्टी अघि बढ्नेछ," उहाँले थप्नुभयो ।

त्यसैगरी, पार्टीका केन्द्रीय सदस्य तथा मधेश प्रदेशका पूर्वमन्त्री शत्रुधन प्रसाद महतोले हिन्दुहरूको महान् पर्व दशैं, दीपावली र छठका अवसरमा शुभकामना व्यक्त गर्दै कार्यकर्ताहरूलाई निर्वाचन अभियानमा सक्रिय रहन आह्वान गर्नुभयो । उहाँले वर्तमान राजनीतिक अवस्थाबारे धारणा व्यक्त गर्दै भने, "एमाले र काँग्रेसको स्वार्थपूर्ण राजनीति र बदनियतका कारण देश संकटमा फसेको हो । अब जनताले वैकल्पिक राजनीतिक नेतृत्व खोजेका छन्, र त्यो विकल्प एकीकृत समाजवादी पार्टी हो ।"

कार्यक्रममा पार्टीका मधेश प्रदेश सदस्य सुधिर साह, रमेश रञ्जन झा, श्रीप्रसाद साह, प्रदेश सांसद प्रमोद कुमार यादव, मधेश प्रदेश सदस्य प्रदीप यादव लगायतका नेताहरूको पनि उल्लेखनीय सहभागिता रहेको थियो ।शुभकामना आदान(प्रदान कार्यक्रमले पार्टीभित्र उत्साह र एकताको सन्देश दिएको आयोजकहरूले बताएका छन् । कार्यक्रमले आगामी निर्वाचनका लागि कार्यकर्तामा ऊर्जा र संगठनगत सक्रियता थप्ने विश्वास पनि व्यक्त गरिएको छ ।

## दलित बस्तीमा साडी वितरण



दैनिक समाचारदाता

सिरहा, ७ कात्तिक । सिरहाको लहान नगरपालिका प्रमुख महेश प्रसाद चौधरीले लहान नगरपालिका वडा नम्बर २१ का दलित बस्तीमा छठ पूजा गर्नका लागि साडी वितरण गर्नु भएको छ ।

लहानको दुर्गा मन्दिरमा दुर्गा पूजाको समयमा मन्दिरमा चढाएको नयाँ साडी ८० थान र थप एक सय गरेर १८० थान साडी आज दलित बस्ती लहान-२१, बेतहा र कलाबञ्जरमा वितरण गर्नु भएको हो । दलित समुदायको समस्यालाई समाधान गर्न जहिले पनि पहिलो प्राथमिकता दिइरहनु भएको लहान नगर प्रमुख समक्ष समस्या राख्दा तुरुन्तै समाधान गरिरहनु भएको लहान-२१ का वडाध्यक्ष राजकुमार यादवले बताउनुभयो । छठ पर्वको लागि पोखरी घाट सरसफाइ र हरेक विद्युत् पोलमा बल्ब लगाउने कार्य समेत भइरहेको उहाँले सुनाउनुभयो ।

छठ पर्वको अवसरमा साडी वितरण, दु:ख परेको बेला राहत बालबालिकाको पढनका लागि शैक्षिक सामग्री लगायत जतिबेला पनि दुखसुखमा साथ दिइरहेको साडी ग्रहण गर्दै बेतहाका सविता सदायले सुनाउँदै जनप्रतिनिधि अभिावकको रूपमा पाएको खुसी सुनाउनुभयो ।

दसैं दिपाविली र छठ पर्वको बिचमा लहान वडा नम्बर १, १५,१८ २४ गरी तीन वटा वडामा सात जना दलित समुदायको मृत्यु भएको खबर सुनेर राहत लिएर घरै सम्म पुगेर राहत वितरण गरेको नगर प्रमुख चौधरीले बताउनुभयो । उहाँले थप्नुभयो,"मुसहर समुदायको सुरक्षित बस्ती निर्माण कार्यक्रम अन्तर्गत फुसको घर विस्थापित गर्न जस्तापाता वितरण कार्यक्रम अब सुरु गर्ने छौ ।"

दलित समुदायको मृत्युहुँदा एक क्विन्टल चावल,पाँच किलो दाल,पाँच किलो नून ,चना ,मोटर राहत दिनका लागि वर्षको पचीस लाख बजेट विनियोजन गरेको नगर प्रमुख चौधरीले बताउनुभयो ।

दलित समुदाय मृत्यु खबर सुनेर राहत लिएर दैलोमा पुग्ने बिरामी भएकोलाई उपचार गराउने दलित समुदायको अभिभावक नै लहान नगरपालिका प्रमुख चौधरी बनेको दलित महिला अधिकारकर्मी सोनिया सदायले बताउनुभयो ।

## कार्तिक ११ गते सार्वजनिक बिदा

दैनिक समाचारदाता

जनकपुरधाम । मधेस प्रदेश सरकारले छठ पर्वको चौथो दिन अर्थात् कार्तिक ११ गते थप एक सार्वजनिक बिदा दिएको छ ।

मधेस प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्रालयले आज सार्वजनिक बिदा सम्बन्धी सूचनामा छठ पर्वको बिहानको अर्घ हुने कार्तिक ११ गते मङ्गलवार मधेस प्रदेश भरि सार्वजनिक बिदा दिने जनाएको हो ।

मन्त्रालयका उपसचिव गणेश नायकले जारी गर्नु भएको सूचनामा मधेस प्रदेश सरकारद्वारा २०८१ साल चैत्र २२ गते प्रदेश राजपत्रमा प्रकाशित थप बिदा सम्बन्धी सूचनामा छठको अवसरमा थप एक दिन बिदा दिने कुरा उल्लेख भएको जनाइएको छ ।

सङ्घ सरकारले छठ पर्वको सन्ध्याको अर्घ हुने कार्तिक १० गते सोमवारका दिन देश भरिमा नै सार्वजनिक बिदा यस अघि नै दिइसकेको छ ।

## खनालको हरियो झण्डा

# वाम एकतामा उत्साह थपियो

दैनिक समाचारदाता

काठमाडौं ७ कात्तिक । पूर्वप्रधानमन्त्री तथा नेकपा ( एकीकृत समाजवादी) का सम्मानित नेता झलनाथ खनालले नेकपा माओवादी केन्द्रसहितका वामपन्थी दलहरूसँग एकता प्रक्रियाका लागि 'ग्रिन सिग्नल' दिएका छन् ।



असोज २६ गते बसेको पार्टी सचिवालय बैठकले वामपन्थी एकताको निर्णय गरेपछि त्यसका विरोधमा उभिएका खनालले अध्यक्ष माधवकुमार नेपालसँग लामो संवादपछि अन्तत: एकताको पक्षमा समर्थन जनाएका हुन् ।


श्रीमतीको उपचारका क्रममा भारतको नयाँ दिल्लीमा रहेका खनालले बैठकको समयमा नै सन्देश पठाउँदै तत्काल पार्टी एकता गर्ने वातावरण उपयुक्त नभएको र कसैको पनि गलत दिशातर्फको कदमले संगठनलाई संकटमा पार्न नहुने सन्देश दिएका थिए ।

तर असोज २७ गते अध्यक्ष नेपालसँगको विस्तृत छलफलपछि खनालको धारणा परिवर्तन भएको एकीकृत समाजवादीका वरिष्ठ नेता तथा वाम एकता वार्ता टोलीका संयोजक डा. बेदुराम भुसालले जानकारी दिए ।

'सम्मानित नेताले सुरुवातमा एकताको विपक्षमा अपिल पठाउनुभए पनि अध्यक्ष नेपालसँगको लामो संवादपछि उहाँ विचार र सिद्धान्तमा आधारित वाम एकताको पक्षमा रहेको स्पष्ट गर्नुभयो,' भुसालले भने । 'अब उहाँ पार्टीको निर्णयको

बाँकी पृष्ठ ४मा


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com


वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

# असरानीको निधनपछि अक्षय डिप्रेसनमा



एजेन्सी⁄ मुम्बई । बलिउडका दिग्गज अभिनेता असरानीको लामो बिमारीपछि सोमबार निधन भएको छ। पाँच दशकभन्दा बढी समयको करियरमा उनले ३५० भन्दा बढी चलचित्रमा काम गरेका छन्।

असरानीसँग 'हेरा फेरी' र 'भूल भुलैया' जस्ता सफल फिल्ममा काम गरिसकेका अभिनेता अक्षय कुमार उनको निधनपछि डिप्रेसनमा रहेको खुलासा निर्देशक प्रियदर्शनले हालै एक अन्तर्वार्तामा गरेका छन्।

प्रियदर्शनले न्यूज १८ लाई दिएको अन्तर्वार्तामा बताएअनुसार असरानीको निधनले अक्षय कुमार निकै प्रभावित भएका छन्। अक्षयले प्रियदर्शनलाई दुई पटक फोन गरेर आफू डिप्रेसनमा रहेको महसुस भएको बताएका थिए, किनकि उनी पछिल्लो ४०-४५ दिनदेखि असरानीसँग प्रियदर्शनकै निर्देशनमा बनिरहेका दुई चलचित्र 'हैवान' र 'भूत बंगला' मा काम गरिरहेका थिए।

प्रियदर्शनले असरानी एक महान् अभिनेता भएको र उनले आफूलाई कहिल्यै नक्कली नदेखाई सधैं हँसाउने गरेको बताए। उनले अक्षयलाई सधैं राम्रो सल्लाह दिने गरेको पनि स्मरण गरे।

यसअघि, असरानीको निधनको खबर पाएपछि अक्षय कुमारले सामाजिक सञ्जालमा भावुक श्रद्धाञ्जली दिँदै लेखेका थिए, 'असरानीजीको निधनको खबर सुनेर स्तब्ध छु। मात्र एक हप्ताअघि मात्रै हामी 'हैवान'को सुटिङमा भेटेर अंकमाल गरेका थियौं। उहाँ धेरै प्यारा मानिस हुनुहुन्थ्यो, उहाँको कमिक टाइमिङ साँच्चै लाजवाब थियो।' उनले यो उद्योगका लागि ठूलो क्षति भएको बताएका छन्।

# 'क्युंकी सास भी कभी बहू थी' मा बिल गेट्स !

एजेन्सी

नयाँ दिल्ली । लोकप्रिय भारतीय टिभी कार्यक्रम 'क्युंकी सास भी कभी बहू थी' को दोस्रो सिजनमा अमेरिकी अर्बपति व्यवसायी बिल गेट्स प्रवेश गरेका छन्। यसअघि अभिनेत्री साक्षी तन्वरले छोटो



भूमिकामा उपस्थिति जनाएकी थिइन्।

कार्यक्रमका निर्माताहरूले हालै एउटा प्रोमो जारी गरेका छन्, जसमा माइक्रोसफ्टका सह-संस्थापक बिल गेट्स अभिनेत्री तथा पूर्व केन्द्रीय मन्त्री स्मृति इरानीसँग भिडियो कलमा कुरा गरिरहेको देखिन्छ। गेट्सको यो छोटो भूमिका विशेष उद्देश्यका लागि कार्यक्रममा प्रस्तुत गरिएको हो।

प्रोमोमा उनीहरूको कुराकानी सामाजिक विकास र प्रविधिमार्फत समाज परिवर्तन गर्ने विषयमा केन्द्रित देखिन्छ। यसअघि कार्यक्रमको एक एपिसोडमा गेट्स फाउन्डेसनको उल्लेख गरिएको थियो, जसले उनको आगमनको पुष्टि गरेको थियो।

यसअघि बिल गेट्स अमेरिकी सिटकम 'द बिग ब्याङ्ग थ्योरी' मा देखिएका थिए। यद्यपि, कुनै भारतीय टेलिभिजन कार्यक्रममा उनको यो पहिलो उपस्थिति हो। यो छोटो प्रोमो सामाजिक सञ्जालमा निकै भाइरल भइरहेको छ र यसले धेरै खाले प्रतिक्रियाहरू पाइरहेको छ।




# 'थामा' को पहिलो दिनको कमाई



एजेन्सी

मुम्बई । दीपावलीको अवसरमा म्याडक फिल्म्सले दर्शकहरूलाई उपहारस्वरूप दिएको हरर-कमेडी फिल्म 'थामा' ले रिलिजको पहिलो दिन २४.८७ करोड भारतीय रुपैयाँको सङ्कलन गरेको छ।

आयुष्मान खुराना, रश्मिका मन्दाना र नवाजुद्दीन सिद्दिकी अभिनीत यो फिल्म उच्च अपेक्षाका साथ मंगलबार थिएटरहरूमा रिलिज भएको थियो।

'सक्निल्क' को पछिल्लो अपडेट अनुसार, यो फिल्मले रिलिजको दिनमा ठुलो चुनौती सामना गर्नुपरेन। दीपावलीमा रिलिज हुने अर्को फिल्म 'एक दिवानें की दिवानियत' मात्र थियो।यद्यपि, 'थामा' को ओपनिङ कलेक्शन अघिल्लो म्याडक हरर कमेडी युनिभर्स फिल्म 'स्त्री २' को ३५ करोड र गत दीपावालीमै रिलिज भएको 'भुल भुलैया ३' को ३२ करोड भारतीय रुपैयाँको तुलनामा कम रहेको छ।

दिनेश विजन र अमर कौशिकद्वारा निर्मित 'थामा' म्याडक हरर कमेडी युनिभर्सको पाँचौं शृङ्खला हो, जसले भ्याम्पायरको कथावस्तु प्रस्तुत गर्छ। फिल्म आयुष्मान खुरानामा केन्द्रित छ, जो अचानक भ्याम्पायर बन्छन् र पछि रश्मिका मन्दानासँग प्रेममा पर्छन्।

यो फिल्मलाई 'रक्तपातपूर्ण प्रेम कथा' को रूपमा व्याख्या गरिएको छ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# खाली पेटमा बदाम खानुका फाइदाहरू



काठमाडौं । बदाम स्वास्थ्यको लागि वरदान हो । यसमा पाइने भिटामिन, फाइबर, एन्टिअक्सिडेन्ट, पोलिफेनोल, स्वस्थ बोसो, प्रोटिन, जिंक, म्याग्नेसियम र ओमेगा-३ फ्याटी एसिड जस्ता खनिजहरूले शरीरलाई विभिन्न स्वास्थ्य समस्याहरूबाट बचाउन मद्दत गर्छन् ।

तर के तपाईंलाई खाली पेटमा बदाम खानुका फाइदाहरू थाहा छन् ? खाली पेटमा बदाम खानुले दोब्बर फाइदा पाउन सकिन्छ । आजको यस लेखमा हामी हान खाली पेटमा बदाम खानुका फाइदाहरू अन्वेषण गरौं।खाली पेटमा बदाम खाँदा के हुन्छ ? भनेर कुरा गर्नेछौं ।

***पेट:*** बदाम एन्टिअक्सिडेन्टको उत्कृष्ट स्रोत हो। बिहान खाली पेटमा बदाम खानुले पाचन प्रक्रियामा सुधार ल्याउन सक्छ। पेटको समस्या भएकाहरूका लागि खाली पेटमा बदाम खानु फाइदाजनक हुन सक्छ।

***मुटु:*** बदाममा मोनो-स्याचुरेटेड फ्याट हुन्छ, जुन मुटुको लागि फाइदाजनक हुन सक्छ। नियमित रूपमा बिहान बदाम खाँदा कोलेस्ट्रोल नियन्त्रण गर्न र मुटु रोगको जोखिम कम गर्न मद्दत गर्छ।

***तौल:*** बदाममा रहेको फाइबर र प्रोटिनले तपाईंलाई लामो समयसम्म पेट डम्म भरिएको महसुस गराइराख्छ अनि अत्यधिक खानबाट रोकिनुहुन्छ, जसले गर्दा तपाईंको तौल नियन्त्रणमा रहन मद्दत गर्छ। यदि तपाईं तौल घटाउने यात्रामा हुनुहुन्छ भने, खाली पेटमा बदाम खानु फाइदाजनक हुन सक्छ।

**हड्डी:** बदाममा क्याल्सियम, म्याग्नेसियम र फस्फोरस प्रशस्त मात्रामा पाइन्छ, जसले हड्डीलाई बलियो बनाउन मद्दत गर्छ। हड्डीको समस्याबाट पीडितहरूका लागि बदाम खानु फाइदाजनक हुन सक्छ। मस्तिष्क: बदाममा पाइने रिबोफ्लेभिन र एल-कार्निटाइन जस्ता पोषक तत्त्वहरूले मस्तिष्कको कार्यलाई सुधार गर्न र स्मरण शक्तिलाई तीक्ष्ण बनाउन सक्छ। बदाम खानु विशेष गरी बालबालिकाका लागि फाइदाजनक हुन सक्छ।

# 'जेनजी' युवाको देश प्रेम र त्यागप्रति गर्व गर्ने गायक थापाको साङ्गीतिक यात्रा

। दसैँअघि साङ्गीतिक प्रस्तुतिका लागि बेलायत पुग्नुभएका गायक तथा 'स्टेज पर्फमर' दुर्गेश थापा यतिबेला अमेरिकाको साङ्गीतिक यात्रामा हुनुहुन्छ । तिहारको छेको पारेर अमेरिका उड्नुभएका दुर्गेशले अमेरिकाका ११ सहरमा साङ्गीतिक प्रस्तुति दिनुहुनेछ । गत शुक्रबार अस्टिन, टेक्सासबाट सुरू भएको उहाँको अमेरिकाको साङ्गीतिक यात्रा नोभम्बर २२ मा डल्लासमा पुगेर टुङ्गिनेछ । "आउँदो शनिबार न्युयोर्क सहरमा प्रस्तुति दिँदैछु", गायक थापाले रासससँग भन्नुभयो, "म निकै उत्साहित छु, तिहारको माहोलमा अमेरिकामा रहनुभएका नेपालीहरूसँग भेट हुने अवसर जुटेको छ ।"

यो उहाँको पहिलो अमेरिका यात्रा हो । डेढ महिने यात्राका क्रममा थापाले न्युयोर्क, बाल्टीमोर, कोलम्बस, भर्जिनिया, कोलोराडोलगायत सहरमा प्रस्तुति दिनुहुनेछ । उसो त देशविदेशका साङ्गीतिक कार्यक्रममा उहाँको दौड़धुप गत वर्षदेखि नै बढेको हो । गत पुसमा सार्वजनिक गीत 'दुश्मन हेरेको हेर्यै...' को सफलताले आफ्नो साङ्गीतिक 'करिअर'लाई नै नयाँ मोड दिन पुगेको गायक थापाले बताउनुहुन्छ । उक्त गीतलाई युट्यूबमा हालसम्म १३ करोडभन्दा बढीपटक हेरिएको/सुनिएको छ । गीत युट्युब ट्रेन्डिङ्गको पहिलो स्थान हुँदै ग्लोबल ट्रेन्डिङ्मासमेत परेको थियो ।



गीतको सफलताले भावुक र खुसी सँगसँगै हुनुभएका गायक थापाले त्योबेला भन्नुभएको थियो, "भगवानरूपी दर्शक/स्रोताले दिनुभएको यो सम्मान केवल भ्युजको सङ्ख्या होइन, यो सपना पूरा भएको क्षण हो ।"

'दुश्मन हेरेको हेरै...' मा थापासहित गायक आनन्द कार्की, गायिका समीक्षा अधिकारी र एलिना चौहानको स्वर सुन्न सकिन्छ । थापाले आफ्नै शब्द र सङ्गीतमा उक्त गीत तयार पार्नुभएको हो । गीतको सङ्गीत संयोजन पनि उहाँले नै गर्नुभएको हो । गीतको म्यूजिक भिडियोमा थापासहित कलाकार प्रियङ्का कार्की, कविता नेपाली, पेमा लामालगायतका अभियन रहेको छ । उक्त गीत आफ्नो ब्राण्ड गीत जस्तो बनेको थापाले बताउनुभयो । "यो मेरो करिअरकै एउटा मानक गीतका रूपमा रहनेछ", उहाँले भन्नुभयो ।

*थापाको पछिल्लो गीत 'जाने भए जाममाया...' पनि गीत चर्चित छ ।*

"दुश्मन हेरैको हेरै...गीतको सफलताले मलाई पनि थप उचाइ दियो, यसबाट नयाँ ऊर्जा पाएको महसुस भइरहेको छ", गायक थापाले भन्नुभयो, "कतिपय ठाउँका कार्यक्रममा माग आए पनि व्यवस्ताका कारण समय दिन सकिरहेको छैन ।" अमेरिकापछि क्यानाडा र युरोपको साङ्गीतिक यात्रा तय हुन लागेको उहाँले सुनाउनुभयो । यस वर्ष अधिकांश विदेशकै कार्यक्रममा व्यस्त रहने उहाँले बताउनुभयो ।

पछिल्लो समय देशविदेशका साङ्गीतिक कार्यक्रम र मेला-महोत्सवमा उहाँको माग बढेको छ । गत हिउँदमा उहाँलाई महोत्सव पुग्न भ्याइनभ्याइ थियो । गत फागुन महिनामा मात्र देशका ३२ भन्दा बढी ठाउँमा पुगेर गायक थापाले प्रस्तुति दिनुभएको थियो । "सँधै म यो स्थानमा रहन सक्दिन, मेरो ठाउँमा अर्को प्रतिभा आइपुग्छ", उहाँले भन्नुभयो, "तर, म आज जहाँ छु आफ्नै मेहनत र कर्मका कारण छु ।"

सयौँ गीतमा स्वर र म्यूजिक भिडियोमा अभिनय गर्नुभएका थापाका 'हामी पनि नाच्नु पर्छ बीचबीचमा...'लगायत गीत चर्चित छन् । थापाले पछिल्लो समय चलचित्रका गीतमा पनि स्वर तथा सङ्गीत दिनुभएको छ । थापाले आधुनिक, लोकदोहोरी, पपलगायत गीतका म्युजिक भिडियोमा अभिनय गर्नुभएको छ । 'डाँडै बिसौनी...', 'जूनले मात्र देख्छ...', 'हाँस्न सिकायौँ...'लगायत उहाँद्वारा अभिनित चर्चित लोकदाहोरी गीत हुन् । पहिलोपटक दीपक/दीपाको चलचित्र 'छ माया छपक्कै...'मा प्रोमोशनल गीत गाउनुभएका थापाले चलचित्र 'ह्रस्वदीर्घ'मा गाउनुभएको 'उठेर नाचिस्यो...' गीत पनि चर्चित बनेको थियो । 'रङ्गी' चलचित्रको 'छ भने माया हाइ भन...' गीतको सङ्गीत र शब्द पनि उहाँले रचना गर्नुभएको हो ।

उक्त गीतमा गायक आनन्द कार्की र गायिका सुरक्षा केसीले स्वर दिनुभएको छ । थापाले गायकभन्दा बढी स्टेज 'परफमर'का रूपमा आफूलाई चिनाउन चाहानुहुन्छ । करिअरको सुरुआतीकालमा रेष्टुराँ र बारमा नृत्यकारको रूपमा काम गर्नुभएका उहाँ अहिले अभिनय र सङ्गीतमा पोख्त हुनुहुन्छ । विगतमा कतिपय सिर्जनाका कारण चर्चा र विवादमा आइरहने थापाले पछिल्लो समय भने आत्मसमीक्षासहित अगाडि बढेको बताउनुभयो । १९ वर्षको सिर्जनकर्ममा मिठानमिठा क्षणहरू गुजार्नुभएका उहाँ सङ्घर्षको भट्टीबाट खारिएर आएका प्रतिभा हुनुहुन्छ । युवा र किशोरपुस्तामाझ बढी लोकप्रिय थापाले डान्सबारदेखि चलचित्रसम्मको अनुभव बटुल्नुभएको छ ।

विसं २०६३ तिर गृहथलो बागलुङको गलकोट नगरपालिका-७ मल्मदेखि काठमाडौं पुग्दा उहाँसँग केबल एउटा सपना थियो, मोडल बन्ने । समयक्रममा उहाँ अभिनय हुँदै गायनतिर डोरिनुभयो । गायक तथा सर्जक बसन्त थापाको साथ लागेर पहिलो पटक राजधानी छिर्नुभएका उहाँको एक अपरिचित सहरमा सङ्घर्ष सुरु भएको थियो । काठमाडौं जस्तो सपनाको सहरमा थापालाई अनेक अवरोध पनि नआएका होइनन् । तर उहाँले बाधाहरू सजिलै छेक्नुभयो, रोक्नुभयो र पहिल्याउनुभयो आफ्नो सत्मार्ग । "अग्रज कलाकार, मेरो आदरणीय दाइ बसन्त थापासँग म पहिलो पटक काठमाडौं आएको हुँ, कलाकारितामा मलाई तातेताते गराउनुभएको उहाँले नै हो", दुर्गेशले भन्नुभयो, "एउटा अभिभावकसँगै कला क्षेत्रको गुरुका रूपमा म उहाँलाई आदर गर्छु ।"

विसं २०६५ मा गायक बिमल डाँडीको दसैं गीतको म्यूजिक भिडियोमा थापाले पहिलो नृत्य र अभिनय गर्नुभएको थियो । पूर्णकला बिसीसँग मिलेर थापाले पहिलो लोकदोहोरी गीत 'अँधेरीमा जुन लाएको हो...' गाउनुभएको थियो । थापाले केही साताअघि 'जेनजी' आन्दोलनका घाइतेलाई आर्थिक सहयोगसमेत गर्नुभएको थियो । काठमाडौंका अस्पताल पुगेर घाइतेलाई भेट्नुभएका उहाँले 'जेनजी' युवाहरूको बलिदान खेर जान नहुनेमा जोड दिनुभएको थियो । उहाँले पहिलो चरणमा 'जेनजी' आन्दोलनका घाइते ११ जनालाई रु दस हजारका दरले उपचार सहयोग प्रदान गर्नुभएको हो । गायक थापाले आफू सँधै 'जेनजी' युवाहरूको पक्षमा रहेका बताउनुभयो । 'जेनजी' युवामा देखिएको देशप्रतिको प्रेम र त्यागको भावनाले आफूलाई गर्व लागेको उहाँको भनाइ छ । रासस

# 'च्याटजीपीटी' अब बन्नेछ नयाँ सोसल मिडिया प्लेटफर्म



ओपन एआईको आर्टिफिसियल इन्टेलिजेन्स च्याटबोट च्याट जीपीटी एउटा अल इन वान सोसल एप बन्ने दिशामा अघि बढ्दैछ ।

हालै कम्पनीले सोरा टू भिडियो जेनेरेसन मोडेल पेश गरेको थियो । त्यसपछि टिकटक जस्तै एआई भिडियो एप लञ्च गर्यो । यहीँ क्रममा च्याट जिपिटीमा सामाजिक सञ्जालजस्तै फिचर थप गर्ने तयारी भईरहेको छ।

अक्टोबरको सुरुमै ओपन एआईले ब्उउक क्म्प् जारी गर्यो । जसबाट डेभलपर्सले च्याट जिपिटीभित्रै आफ्नो विशिष्टीकृत एआई एप बनाउन सक्दछन् । च्याट जिपिटीको यो कदम एप्पलको एप स्टोर तथा गुगल प्लेस्टोरलाई टक्कर दिनसक्ने कदम मानिएको छ ।

समाचार अनुसार ओपन एआईको च्याट जिपिटीमा डाइरेक्ट म्यासेज फिचर थप गर्ने योजनामा पनि काम भईरहेको छ । यसबाट प्रयोगकर्ताले एक अर्कासँग सोसल मिडिया एपमा जस्तै गरी कुराकानी गर्न सक्नेछन्।

साथै प्रयोगकर्ताहरुले यो प्लाटफर्मको माध्यमबाट विभिन्न अवधारणाहरुमा चर्चा गर्ने, परियोजनाको सम्बन्धमा योजना तयार गर्ने, इन्टरने सर्च, तस्वीर सिर्जना तथा च्याट जस्ता गतिविधिहरु र्गन सक्नेछन् । यद्यपि प्राइभेसी कायम गर्नका लागि कुनैपनि प्रयोगकर्तालाई अरुको व्यक्तिगत च्याट जिपिटी मेमोरीमा पहुँच हुनेछैन।

रिपोर्ट अनुसार ओपन एआईले प्रयोगकर्तालाई इनभाइट लिंकको माध्यमबाट ग्रुप च्याटमा जोड्ने सुविधा पनि दिनेछ । यसमा च्याटहरु एण्ड टू एण्ड इनक्रिप्टेड हुने बताईको छ ।

स्मरण रहोस् ओपन एआईले प्रयोगकर्ताको गोपनियतालाई लिएर विभिन्न चुनौतीहरुको सामना गर्नु परिरहेको छ। गत अगष्टमा च्याट जिपिटीमा शेयर फिचर थप भएको बेला कतिपय प्रयोगकर्ताहरुका व्यक्तिगत च्याटहरु गुगल सर्चमा सार्वजनिक भएका थिए। जसका कारण च्याट जिपिटीले गुगलसँग गुहार मागेर ती डेटा हटाएको थियो । एजेन्सीको सहयोगमा

# एप्पलले तोड्यो सबै रेकर्ड बजार मूल्य ४० खर्ब डलर नजिक

अमेरिकी दिग्गज प्रविधि कम्पनी एप्पलले सदैव चर्चा र प्रसिद्धिले भरिएको कम्पनी हो भन्नेमा द्विविधा छैन । यसपटक चाहीँ एप्पलले पुन: अकार्ण सफलताबाट चर्चा कमाएको छ ।



पछिल्लो यो सफलता उसको ल्यापटप, फोन वा कुनै एउटा प्रडक्टलाई लिएर होइन, कम्पनीको शेयर मूल्यसँग सम्बन्धित छ । सोमबार कम्पनीको शेयर मूल्य अहिलेसम्मकै किर्तिमानी उच्च विन्दुमा पुग्यो । त्यससँगै कम्पनीको बजार पुँजीकरण अर्थात् मार्केट भ्यालूले करिब ४ ट्रिलियन अर्थात ४० खर्ब डलरको कोशेढुंगा चुमेको हो । एप्पलको स्टकमा आएको तिव्रताको एउटा ठूलो कारण चाहीँ आइफोन १७ सिरिजको जबरजस्त बिक्री हो ।

सोमबार एप्पलको शेयर मूल्यमा ४.२ प्रतिशतले वृद्धि भई प्रतिशेयर २६२.९ डलर पुगेको थियो । योसँगै एप्पलको कूल बजार पुँजीकरण ३.९ ट्रिलियन डलर नाघ्यो ।

साथै एप्पल विश्वको दोश्रो सर्वाधिक मूल्यवान कम्पनी पनि बन्यो । यदि एप्प्लको शेयरमा विद्यमान गतिमा वृद्धि भएमा यसले ४ ट्रिलियन डलरको बजार पुँजीकरण छिटै नै हासिल गर्ने पक्का छ । स्मरण रहोस् एप्पलले यहीँ अक्टोबर ३० मा आफ्नो त्रैमासिक वित्तीय विवरण सार्वजनिक गर्नेवाला छ ।

काउन्टरप्वाइन्टका अनुसार आइफोन १७ सिरिजले यसभन्दा अघिल्ला सिरिजको तुलनामा बजारमा राम्रो प्रभाव पारेको छ र बिक्री उच्च देखिएको छ ।

सुरुवाती बिक्रीलाई हेर्दा यसपटक आइफोन १७ सिरिजले फ्लागशीप फोनको बजारमा राज गर्ने देखिन्छ। हरेक वर्ष विश्व बजारमा सर्वाधिक बिक्री हुने स्मार्टफोनको सूचीमा एप्पलका फोन सबैभन्दा धेरै सामेल हुन्छन्। कम्पनीले आइफोन १७ गत सेप्टेम्बरमा मात्रै लञ्च गरेको हो । यो सिरिजसँगै एप्पलले आफ्नो सबैभन्दा पातलो आइफोन एयर पनि लञ्च गरेको छ ।

कम्पनीले आइफोन १७ सिरिजमा क्यामेरा, प्रोसेसर तथा डिस्प्लेलाई अपडेट गरेको छ । आइफोन १७ मा ६.३ इन्चको सुपर रेटिन एक्सडिआर ओएलइडी डिस्प्ले रहेको छ भने ए१९ प्रोसेसर रहेको छ । एजेन्सीको सहयोगमा

# निर्वाचन तयारी : पन्ध्र नयाँ दल दर्ताको निवेदन,अध्ययन गर्दै आयोग

काठमाडौँ, ७ कात्तिक । निर्वाचन आयोगले नयाँ राजनीतिक दल दर्ताका लागि निवेदन दिइएका १५ दलको कागजात स्वीकृतिका लागि अध्ययन गरिरहेको जनाएको छ ।

आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणा हुनुअघि १० र घोषणापछि पाँच वटाले दल दर्ताका लागि निवेदन दिएको र ती दलको कागजात विचाराधीन अवस्थामा रहेको आयोगको भनाइ छ । सामान्यतः आयोगमा दल दर्ताका लागि जहिले पनि निवेदन दिन सकिने भए पनि जेनजी आन्दोलनपश्चात नयाँ सरकार गठन भई प्रतिनिधिसभा विघटन र निर्वाचन घोषणा भएको परिवेशमा युवा पुस्ताको समेत सहभागितामा दल दर्ताको क्रम देखिएको छ । आयोगले प्रक्रिया पुग्नेहरुलाई आवेदन स्वीकृत हुने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

निर्वाचन घोषणापछि धरान उपमहानगरपालिकाका प्रमुख हर्क साङपाङ नेतृत्वको श्रम संस्कृति पार्टीले गत असोज ७ गते दल दर्ताको लागि निवेदन दिएको थियो । साथै गोपीलाल न्यौपाने नेतृत्वको नेपाल लिबरल पार्टीले 'सिक्का' चिन्हसहित यही कात्तिक २ गते दर्ताको निवेदन दिएको थियो ।

अधिवक्ता डा सुरेन्द्र भण्डारी नेतृत्वको नेपाल नागरिक पार्टीले गत असोज ९ गते आयोगमा दर्ताका लागि निवेदन दिएको थियो । गत असोज ३० गते दिनेशराज प्रसाईँ नेतृत्वको गतिशील लोकतान्त्रिक पार्टीले 'ज्योति' चुनाव चिन्हको मागसहित दर्ताका लागि निवेदन दिएको छ ।

दल दर्ताका लागि हिराप्रसाद सोती नेतृत्वको राष्ट्रिय जेनजी पार्टी नेपालले यही कात्तिक २ गते आयोगमा निवेदन दिएको छ । यो दलले 'क्रस खुकरी' निर्वाचन चिन्ह मागेको छ ।

आयोगका प्रवक्ता भट्टराईले उमेर समूह खुल्ने प्रकृतिको दलको नाम र 'क्रस खुकरी' निर्वाचन चिन्ह हालसम्म कसैले नपाएको अवस्थामा यसबारे




आयोगले प्रचलित व्यवस्था र अभ्यास हेरेर निर्णय गर्ने बताउनुभयो ।

यसैगरी आयोगमा निर्वाचन घोषणापूर्व दर्ताको निवेदन प्राप्त भएका १० दलको कागजात नपुगेकाले स्वीकृति नदिइएको उहाँको भनाइ छ । त्यसमा उज्यालो नेपाल, राष्ट्रिय परिवर्तन पार्टीलगायत छन् । आयोगले कागजात पुगेकाको हकमा दर्ताको निवेदन दिएको ४५ दिनभित्र निर्णय दिने गरेको छ । आयोगमा यसअघि १२२ दल दर्ता भएकामा यसबीचमा दुई दल विभाजन भई १२४ दल पुगेका छन् ।

*दल दर्ताका लागि चाहिने कागजात*

नेपालको संविधान, २०७२ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम राजनीतिक दल दर्ताको निवेदनका लागि दलको विधान, नियमावली र घोषणापत्र २/२ प्रति, झण्डा, लोगो, छाप, रोजिएको चुनाव चिन्ह, दलको नाम र सो दलको प्रधान कार्यालयको ठेगाना, केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको केन्द्रीयस्तरको समितिका सदस्य तथा अन्य पदाधिकारीको नाम र ठेगाना, दलको आय श्रोतको कोष र सो जुटाउने स्रोतको विवरण आदि खुलाउनुपर्छ ।

यस्तै विधान वा नियमावलीमा भएको लोकतान्त्रिक व्यवस्था वा विधान वा नियमावलीमा गर्ने लोकतान्त्रिक व्यवस्था, विधान वा नियमावलीमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलका प्रत्येक तहका पदाधिकारीको निर्वाचन हुने व्यवस्था, विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलित लगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरु समेत रहने समावेशी व्यवस्था, दलको विधानमा दलका सदस्यहरुलाई अनुशासित तुल्याउने प्रभावकारी व्यवस्था, केन्द्रीय भेलाबाट केन्द्रीय कार्यसमितिको चयन, विधान, झण्डा, लोगो कुन राख्ने चुनाव चिन्ह कुन रोज्नेसम्बन्धी निर्णय भएको हुनुपर्ने हुन्छ । यसैगरी केन्द्रीय पदाधिकारीको नागरिकताको प्रमाणित प्रतिलिपि, निवेदन दर्ताको लागि सो निवेदन, विधान, नियमावली र घोषणापत्रमा सबै केन्द्रीय समितिका पदाधिकारीको हस्ताक्षरलगायतका सामग्री सम्लग्न भएको हुनुपर्छ ।

*निर्वाचन प्रयोजनका लागि दलको सूचना आउँदै*

निर्वाचन प्रयोजनका लागि आयोगले सूचना प्रकाशन गरेपछि पुराना र यी नयाँ दलले पुनः दल दर्ताको निवेदन दिनुपर्ने हुन्छ । त्यसअघि नयाँ दलले दर्ताको निवेदन स्वीकृत गराई दर्ता प्रमाणपत्र लिइसकेको हुनुपर्छ । आयोगले गत असोज २० गते स्वीकृत गरेको निर्वाचन कार्यतालिका अनुसार यही कात्तिक २८ गते निर्वाचन प्रयोजनाका लागि दल दर्ताको सूचना प्रकाशन हुनेछ ।

सोका लागि आयोगले आगामी मङ्सिर १ गतेदेखि १० गतेसम्म १० दिनको समय दिनेछ । यसरी दर्ता गर्ने दलले मात्र समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनका दल दर्ताका लागि निवेदन दिन पाउनेछन् ।

*वातावरण बनाउन सरकार र दलहरु संवादमा*

निर्वाचनको वातावरण बनाउने सन्दर्भमा यही कात्तिक ४ गते प्रधानमन्त्री सुशीला कार्कीले राजनीतिक वातावरण बनाउन विघटित संसद्मा प्रतिनिधित्व गर्ने विभिन्न दलसँग छलफल गर्नुभएको थियो । प्रमुख दलहरुले संसद् विघटनको न्यायिक परीक्षण, निर्वाचन सुरक्षाको वातावरणको सुनिश्चितता र सरकार-दलबीचको सौहार्द संवादको अवस्थामा निर्वाचनमा जान आफूहरु तत्पर रहेको जनाउँदै आएका छन् ।

यसअघि राष्ट्रपति रामचन्द्र पौडेलको आह्वानमा राष्ट्रपति निवासमा गत असोज २४ गते प्रधानमन्त्री कार्कीको उपस्थितिमा राजनीतिक दलसँग निर्वाचनको तयारीका विषयमा छलफल भएको थियो ।

निर्वाचन आयोगले गत असोज ३० गते विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने तथा गत निर्वाचनका कम्तीमा एक वडा सदस्यसम्म विजय हासिल गरेका सहित २९ दलसँग गरेको छलफलमा नेताहरुले सरकारले आफूहरुसँग सघन छलफल गर्नुपर्ने आग्रह गरेका थिए । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन र प्रतिनिधिसभाको विघटन र निर्वाचनको घोषणा भएको थियो । नेकपा (माओवादी केन्द्र) ले निर्वाचनमा जाने निर्णय गरिसकेको छ भने नेकपा (एमाले) ले प्रतिनिधिसभा पुनःस्थापनामा प्राथमिकता दिएको छ । नेपाली काँग्रेसको केन्द्रीय समितिको बैठक अर्को साता पुनः बस्दैछ । रासस

## खनालको ......

विपक्षमा नउभिने र सहमतिसहित अघि बढ्ने मनस्थिति बनाइसक्नुभएको छ ।'

भुसालका अनुसार निर्वाचन आयोगले आह्वान गरेको दल दर्ता अवधिभन्दा अगाडि नै एकताको गृहकार्य तीव्र गतिमा भइरहेको छ । उनले एकता घोषणाको दिनसम्म पार्टीभित्र सहमति कायम हुने विश्वास व्यक्त गरे ।त्यस्तै महासचिव घनश्याम भुसालगायत असन्तुष्ट देखिएका नेताहरूसँग पनि अध्यक्ष नेपाल र वार्ता टोली सदस्यहरूबीच निरन्तर संवाद जारी रहेको भुसालले बताए ।

पार्टी एकताको सम्भावित साझेदारका रूपमा नेकपा माओवादी केन्द्र, नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा, महेन्द्र राय यादव नेतृत्वको नेसपा, अशोक राई नेतृत्वको जसपा तथा प्रेमबहादुर सिंहलगायतका दलहरूसँग छलफल भइरहेको जानकारी उनले दिए ।

# नुहाउन गएका तीन बालिकाको डुबेर मृत्यु

दैनिक समाचारदाता
टीकापुर, ७ कात्तिक ।
कैलालीमा तीन बालिकाको पानीमा डुबेर मृत्यु भएको छ । रानी जमरा सिँचाइ प्रणाली अन्तर्गतको कुलरीया नदीमा पौडी खेल्न गएका बालिकाहरुको डुबेर मृत्यू भएको हो ।

इलाका प्रहरी कार्यालय टीकापुरका प्रमुख प्रहरी नायव उपरीक्षक प्रकाश डाँगीका अनुसारका मृत्यु हुनेमा जानकी गाउँपालिका -५ नवलपुरकी १२ वर्षकी सुलोचना उपाध्याय, १० वर्षकी निषा बजगाई र ८ वर्षकी मानसी बजगाई हुनुहुन्छ ।

शुक्रबार मध्यान्ह कुलरियामा पौडी खेल्न गएकी बालिका डुबेपछि दुई जना उद्धार गर्न लागेकाले तीनै जना डुबेको बताइएको छ । स्थानीयले देखेपछि उद्धार गरी टीकापुर अस्पतालमा उपचारका लागि ल्याए पनि अस्पताल पुग्दा चिकित्सकले मृत घोषणा गरेका थिए । मृतक बजगाई दिदीबहिनी हुन् । टीकापुर नगरपालिका -१ ब्लक नम्बर १० मा बस्ने बजगाई दिदीबहिनी तिहारको बेला मामाको घर गएकी थिइन । सुलोचना बजगाईकी मामाकी छोरी हुन् । बजगाई दिदीबहिनी जनजागृति मावि टीकापुरमा कक्षा ५ मा अध्ययनरत थिइन ।

# माइतिघरमा जेनजीको धर्ना, जेनजी सम्मेलनको माग



दैनिक समाचारदाता
काठमाडौँ, ७ कात्तिक । जेनजीको प्रतिनिधित्व गर्ने एक समूहले सबै जिल्लामा जेनजी सम्मेलन गर्न माग गरेको छ । जेनजीका मागका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउन आज माइतिघरमा धर्ना दिने क्रममा उनीहरुले सबै जिल्लामा जेनजी सम्मेलन र काठमाडौँमा केन्द्रीय सम्मेलनको आयोजना गर्ने वातावरण बनाउन सरकारसँग माग गरे ।

उनीहरुले आफूहरु एकजुट हुँदै एकता र समर्पण खोजिरहेको समेत बताए । यो समयमा कुनै पनि गुटबन्दी र विभाजन आफूहरुलाई सह्य नभएको बताउँदै उनीहरुले सबै जिल्लामा जेनजी सम्मेलन आयोजना गर्ने वातावरण बनाउन सरकारसँग आग्रह गरेका छन् ।

"सबै जिल्लामा जेनजी सम्मेलन गरी काठमाडौँमा केन्द्रीय जेनजी सम्मेलन आयोजना गर्नुपर्छ, जहाँ सम्पूर्ण देशबाट जेनजीको प्रतिनिधित्व हुनेछ", जेनजी प्रतिनिधि सदिक्षा राईले भन्नुभयो, "सम्मेलनमार्फत प्रदेशगत प्रतिनिधि छनोट गरिनेछ ।"

उहाँले वर्तमान सरकार केवल नेताहरुको नभइ जनता र शहीदको सपना बोकेको सरकार भएको बताउनुभयो । "यो सरकार शहीदहरुको बलिदानबाट जन्मिएको हो, सरकारले नयाँ पुस्ताको आशा, ऊर्जा र भविष्यको जिम्मेवारी रक्षा गर्नुपर्छ", उहाँले भन्नुभयो ।

राईले वर्तमान सरकार जेनजी पुस्ताको पनि अभिभावक भएको बताउनुभयो । उहाँले सरकार पारदर्शी हुनुपर्ने उल्लेख गर्दै मुलुक सङ्कटमा परेको अहिलेको समयमा एकता र सहकार्य महत्वपूर्ण भएको धारणा राख्नुभयो ।

धर्नामा सहभागी मदन कार्कीले जेनजीका नाममा विभिन्न पार्टी वा समूहमा लागेर विभाजन नहुन आग्रह गर्दै देशभरका जेनजीहरु एकजुट हुन आह्वान गर्नुभयो ।

"मुलुकभरका सबै जेनजीहरु एकजुट हुन आवश्यक छ, यसका लागि सरकारले हामीलाई सहयोग गर्नुपर्छ, जेनजी एकजुट हुन सरकारको साथ आवश्यक छ", जेनजी आन्दोलनका घाइते समेत रहनुभएका कार्कीले भन्नुभयो ।

धर्नामा सहभागीहरुले 'जेनजीका माग पूरा गर', 'शहीदको रगत नबिर्स', 'देशका घाउ, हाम्रो जिम्मेवारी', 'शहीदहरुको सपना पूरा गर्नु हाम्रो जिम्मेवारी', 'राष्ट्र पहिले अहंकार पछि', 'देश दुःख्दा मौन नबसौं, एक हौं' लेखिएका प्लेकार्ड र राष्ट्रिय झण्डा प्रदर्शन गरेका थिए । धर्नामा जेनजी आन्दोलनका घाइते, शहीद परिवारको पनि सहभागिता थियो । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन र त्यसले उठाएका माग पूरा गर्नका लागि सरकारलाई दबाव दिने उद्देश्यले उनीहरुले धर्ना दिएका हुन् ।




- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३३४


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४